प.लि.नं. १२७४-६७६८

नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त

# सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड
# CDS and Clearing Limited

पत्र संख्या : २०७१/७२
चलानी नं. :

CDS and Clearing Ltd.

## प्रेस विज्ञप्ति

आज मिति २०७१/०४/३० गतेका दिन धितोपत्र अभौतिकीकरण गर्न आवेदन दिएका कम्पनीहरु मध्ये ग्लोबल आइएमई बैंक लिमिटेडसँग चुक्ता मुल्य रु.१००।- को दरले १,२०,७५,६३९ कित्ता साधारण सेयर र २,८९,९२,९४५ कित्ता संस्थापक सेयर धितोपत्र अभौतिकीकरण गर्ने सम्झौता गरी उक्त बैंकलाई अन्तर्राष्ट्रिय स्तरको परिचय अंक International Securities Identification Number (ISIN) साधारण सेयरका लागि **NPE017A00001** र संस्थापक सेयरका लागि **NPE017A40007** प्रदान गरियो । त्यसै गरी जनता बैंक नेपाल लिमिटेडसँग चुक्ता मुल्य रु.१००।- को दरले ६१,८०,००० कित्ता साधारण सेयर धितोपत्र अभौतिकीकरण गर्ने सम्झौता गरी उक्त बैंकलाई अन्तर्राष्ट्रिय स्तरको परिचय अंक International Securities Identification Number (ISIN) साधारण सेयरका लागि **NPE020A00005** प्रदान गरियो । धितोपत्र अभौतिकीकरणको लागि हाल सम्म आवेदन दिएका ६९ (उनान्सत्तरी) कम्पनीहरु मध्ये आज दर्ता सम्झौता गर्ने ग्लोबल आइएमई बैंक लिमिटेड र जनता बैंक नेपाल लिमिटेड सहित हालसम्म धितोपत्र अभौतिकीकरण दर्ता सम्झौता गर्ने कम्पनीको संख्या २० (बीस) पुगेको छ ।

सम्झौतामा यस लि. का तर्फबाट प्रमुख कार्यकारी अधिकृत सुबोध शर्मा सिग्देल र धितोपत्र अभौतिकीकरण गर्ने ग्लोबल आइएमई बैंक लिमिटेडका तर्फबाट कम्पनी सचिव विष्णु प्रसाद बाँस्कोटा तथा जनता बैंक नेपाल लिमिटेडका तर्फबाट प्रमुख कार्यकारी अधिकृत डा.रमेश कुमार भट्टराईले हस्ताक्षर गर्नु भयो ।

मिति : २०७१/०४/३०


Agreement with Global IME Bank Ltd.


Agreement with Janata Bank Nepal Ltd.

तेस्रो तल्ला, शिखर बिज सेन्टर, थापाथली, काठमाडौं, नेपाल ।
Third Floor, Shikhar Biz Centre, Thapathali, Kathmandu, Nepal.
Tel.: 977-1-4101593, Fax: 977-1-4101597
Website: www.cdscnp.com